# स्वायल हेल्थ कार्ड सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

मन्त्रीस्तरबाट स्विकृत मिति २०७८/०८/१४

**प्रस्तावनाः** माटोको गुणस्तर अध्ययन गरी प्राप्त नतिजाको आधारमा खाद्यतत्व तथा अन्य आवश्यक व्यवस्थापन मार्फत उत्पादन र उत्पादकत्व बढाउने तथा माटोको डिजिटल नक्सा अद्यावधिक गर्ने उद्देश्यले स्वायल हेल्थ कार्ड सम्बन्धी कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्षः

क) सूचना प्रकाशन गर्नुपर्नेः यस कार्यक्रम सञ्चालनका लागि माटो तथा मल परीक्षण प्रयोगशालाले स्वायल हेल्थ कार्ड (Soil Health Card) प्राप्त गर्न इच्छुक कृषकहरुलाई आव्हान गरी कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

यस बुँदाको प्रयोजनको लागि "कृषक" भन्नाले कृषि कार्यमा संलग्न फर्म, कम्पनी, कृषक समूह र सहकारी संस्था समेतलाई बुझाउँछ।

ख) स्वायल हेल्थ कार्ड प्राप्त गर्न निवेदन दिनुपर्नेः बुँदा (क) बमोजिमको सूचना प्रकाशन भएपछि स्वायल हेल्थ कार्ड प्राप्त गर्न इच्छुक कृषकले सम्बन्धित कार्यालयले तोकेको समयसीमा भित्र अनुसूची १ बमोजिमको ढाँचामा जिल्लास्थित कृषि ज्ञान केन्द्रमा निवेदन दिनुपर्नेछ।

ग) सम्बन्धित कृषि ज्ञान केन्द्रले बुँदा (ख) बमोजिम प्राप्त भएका निवेदनहरू अध्ययन गरी स्वायल हेल्थ कार्ड उपलब्ध गराउन आवश्यक देखिएका निवेदनहरू छनौट तथा प्राथमिकता क्रम निर्धारण गरी आवश्यक प्रकृयाका लागि सिफारिस सहित माटो तथा मल परीक्षण प्रयोगशालामा पठाउनु पर्नेछ।

कृषि ज्ञान केन्द्रमा पर्याप्त निवेदन नपरेको अवस्थामा स्वायल हेल्थ कार्ड उपलब्ध गराउन आवश्यक अन्य परीक्षणयोग्य उपयुक्त क्षेत्रको पहिचान गरी प्राथमिकता क्रम समेत निर्धारण गरी आवश्यक प्रकृयाका लागि सिफारिस सहित माटो तथा मल परीक्षण प्रयोगशालामा पठाउन सक्नेछ।

घ) बुँदा (ग) बमोजिमको विवरण प्राप्त भएपछि माटो तथा मल परीक्षण प्रयोगशालाले जग्गाको क्षेत्रफल तुलनात्मक रुपमा बढी भएका, व्यावसायिक कृषि कार्यका लागि प्रयोगमा आएका जग्गा, कार्यक्रमको लक्ष्यसँग मेल खाने र साधन स्रोतको अधिकतम परिचालन हुने गरी सबै जिल्लाका सम्भव भएसम्म सबै क्षेत्र समेटिने गरी स्वायल हेल्थ कार्ड प्रदान गर्ने प्रयोजनार्थ प्राप्त निवेदनहरु अध्ययन पश्चात कृषकहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

ङ) माटोको नमूना संकलनः बुँदा (घ) बमोजिम छनौट भएका कृषकहरुको खेतबारीबाट माटोको नमूना संकलनको लागि माटो तथा मल परीक्षण प्रयोगशालाले सम्बन्धित कृषि ज्ञान केन्द्रको समन्वयमा स्थानीय तह, प्रदेश सरकार र संघ सरकार अन्तर्गतका निकायमा कार्यरत कृषि

प्राविधिकहरु र कृषि स्वयंसेवकहरुलाई माटो नमूना संकलनकर्ताको रुपमा परिचालन गर्नुपर्नेछ। त्यसरी परिचालन गरिने माटोको नमूना संकलनकर्ताहरुलाई नमूना संलकन विधि, खाडलको आक्षांश र देशान्तर सहित नमूना लिने तरिका र जि.पि.एस. उपकरण प्रयोग गर्ने विधि लगायतका आवश्यक विषयहरुमा क्षमता अभिवृद्धिका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

च) माटोको नमूना परीक्षण तथा विश्लेषणः माटोको नमूना संकलनकर्ताहरुबाट प्राप्त भएको माटो नमूनाहरुको बुनोट, पी.एच., प्राङ्गारिक पदार्थ, नाईट्रोजन, फस्फोरस, पोटास र सुक्ष्म खाद्यतत्वहरु (बोरोन, जिङ्क, आईरन र कपर) परीक्षण तथा विश्लेषण गर्नुपर्नेछ। उल्लेखित गुणहरुमध्ये सम्बन्धित कृषि ज्ञान केन्द्रमा परीक्षण गर्न सकिने गुणहरू सोही कृषि ज्ञान केन्द्रमा र अन्य गुणहरू माटो तथा मल परीक्षण प्रयोगशालामा परीक्षण गर्नुपर्नेछ।

छ) स्वायल हेल्थ कार्ड सिर्जना र वितरणः माटो तथा मल परीक्षण प्रयोगशालाले बुँदा (च) बमोजिम माटोको नमूना परीक्षण तथा विश्लेषणबाट प्राप्त भएका विवरण र कृषि ज्ञान केन्द्रमा रहेको परीक्षणको नतिजा समेत संलग्न गरी अनलाईन प्रणाली "माटो स्वस्थता तथा मल सिफारिस प्रणाली"(Soil Health and Fertilizer Recommendation System) मा प्रविष्ट गरी स्वायल हेल्थ कार्ड सिर्जना गर्ने र सम्बन्धित कृषि ज्ञान केन्द्र मार्फत प्रत्येक कृषकलाई उपलब्ध गराउनुपर्नेछ। "माटो स्वस्थता तथा मल सिफारिस प्रणाली" बाट सिर्जना हुने स्वायल हेल्थ कार्डको ढाँचा अनुसूची २ बमोजिमको हुनेछ।

ज) कृषकहरूलाई प्राविधिक सुझाव तथा सिफारिस गर्नुपर्नेः बुँदा (छ) बमोजिम स्वायल हेल्थ कार्ड वितरण गर्दा माटोको गुण सुधार तथा उर्वराशक्ति वृद्धिको लागि मल, कृषि चून, जिप्सम लगायत शुक्ष्म खाद्यतत्वहरुको प्रयोग सम्बन्धी सिफारिस सहित प्राविधिक सुझाव दिनुपर्नेछ।

झ) माटोको नमूना परीक्षणबाट प्राप्त भएको नतिजालाई माटोको डिजिटल नक्सा (Digital Soil Map) को प्रणालीमा प्रविष्टिका लागि नेपाल कृषि अनुसन्धान परिषद् (NARC) सँग समन्वय गर्नुपर्नेछ।

२. **आर्थिक पक्षः** स्वायल हेल्थ कार्ड सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रही देहायको कार्यहरुको लागि बजेट खर्च गर्न सकिनेछ।

क) जि.पि.एस. लगायतका प्रयोगशाला उपकरण खरिद तथा मर्मत,

ख) माटो नमूना संकलनकर्ता परिचालन,

ग) प्रयोगशालामा माटो नमूना परीक्षणको लागि आवश्यक ग्लासवेयर तथा रसायनहरु खरिद,

घ) माटो नमूना संकलनका लागि सामाग्री खरिद (प्लाष्टिक, नमूना विवरण फारम, मार्कर, रबर, स्केल, अगर वा खन्ने सामाग्री आदि),

ङ) माटो नमुना संकलन तथा परीक्षण सम्बन्धी प्रचार प्रसार सामग्री, सूचना तथा अन्य प्रकाशन,

च) माटो नमूना प्रयोगशालासम्म ढुवानी, माटो नमूना संकलनको क्रममा अनुगमन तथा सहजीकरण,

छ) माटोको डिजिटल नक्सा प्रकाशन एवम् व्यवस्थापन।

अनुसूची-१

(बुँदा १ (ख) सँग सम्बन्धित)

**<u>स्वायल हेल्थ कार्ड प्राप्त गर्न इच्छुक कृषकले पेश गर्ने निवेदनको ढाँचा</u>**

श्रीमान् प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र,
.................................... ।

**विषयः स्वायल हेल्थ कार्ड उपलब्ध गराइदिनुहुन।**

महोदय,

प्रस्तुत विषयमा मेरो .........................जिल्ला ...................म.न.पा./न.पा./गा.पा. वडा नं. ...... गाउँ/टोल ......................... मा अवस्थित जग्गाको माटो परीक्षण गरी स्वायल हेल्थ कार्ड उपलव्ध गराईदिनुहुन अनुरोध गर्दछु।

**<u>व्यवसाय र जग्गा सम्वन्धी विवरण</u>**

१. व्यवसायको ठेगानाः जिल्ला.................... न.पा./गा.पा. ...............वडा नं........
२. खेती गरिएको बाली र क्षेत्रफलः
३. खेत/बारीको प्रकार () पाखो ()बारी ()खेत ()अन्य
४. सिचिंत/असिंचितः
५. खेती गरिएको स्थानको समुद्र सतहबाट अनुमानित उचाई (मिटर)
६. पछिल्लो एक वर्षमा खेती गरिएका बालीहरुः
७. लगाउने चाहेको बाली (नयाँ बाली लगाउन चाहेको भए)
८. नजिकको नदी/खोला सम्मको दुरीः
९. जमिनको मोहडाः

<u>निवेदक</u>
निवेदकको नामः–
हस्ताक्षर :-
सम्पर्क नं.
मिति :-

अनुसूची -२

(बुँदा १ (छ) सँग सम्बन्धित)

# स्वायल हेल्थ कार्डको नमूना

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

## माटो तथा मल परीक्षण प्रयोगशाला

गण्डकी प्रदेश, पोखरा

## स्वायल हेल्थ कार्ड

दर्ता नं. ...................... माटो जाँच मितिः....................

कृषकको नाम :............................ खेत/बारी ..............................

ठेगानाः .......................जिल्ला .............पालिका वडा नं. ......... टोल/गाउँ ................

नमूनाको लिएको स्थानको अक्षांश र देशान्तर ..........................................................................................

समुद्री सतहदेखिको उचाईः .............. मिटर

| विवरण | परीक्षण नतिजा | विश्लेषण | आधार मान |
|---|---|---|---|
| माटोको बुनोट | | | |
| प्राप्य नाईट्रोजन (%) | | | |
| प्राप्य फस्फोरस (Kg/ha) | | | |
| प्राप्य पोटास (Kg/ha) | | | |
| पी.एच मान | | | |
| प्राङ्गारिक पदार्थ (%) | | | |
| बोरोन (PPM) | | | |
| जिङ्क (PPM) | | | |
| आईरन (PPM) | | | |
| कपर (PPM) | | | |

**माटो स्वस्थताको अवस्थाः**

**माटोको सुधार गर्नु पर्ने/नपर्नेः**

**नतिजा तथा विश्लेषणको आधारमा गरिएको सिफारिसः**

............................

प्रमुख

माटो तथा मल परीक्षण प्रयोगशाला